श्री जिल्ला प्रशासन कार्यालय काठमाडौं

**इजलाश**

प्रमुख जिल्ला अधिकारी श्री **बसन्त राज गौतमबाट** भएको

**फैसला**

सम्बत् २०६८/०६९ सालको स.फौ.नं.५/८७(**हातहतियार**)

दर्ता मिति :– **२०६८/११/२८**

मुद्दा :– **हातहतियार खरखजाना** ।

निर्णय नं.४७४, मिति :– **२०६९/०५/**०९

**वादी**

प्रहरी प्रतिवेदन जाहेरीले

**नेपाल सरकार**.......... .........१

निजको प्रमाण..................................

साक्षी............................................

कागज...........................................

**प्रतिवादी**

जिल्ला सिन्धुली, कमलामाई न.पा. वडा नं. ८ घर भई हाल जोरपाटी-४ नारायणटार बस्ने मनुषराम वराइलीको छोरा बर्ष १८ को सागर भन्ने सुवास वराइली........................................................... .१

निजको प्रमाण ...............................................................

साक्षी ..........................................................................

कागज .........................................................................

**यस कार्यालयबाट बुझेको**

प्रमाण..........................................

साक्षी वादीका साक्षी प्र.ह.तेजबहादुर गुरुङ्ग

कागज ----------------------------

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र यस कार्यालयको ठहर यस प्रकार छ :–**

१. का.जि.,जोरपाटी गा.वि.स.वडा नं.४ नारायणटार स्थित श्रेष्ठ थरको घरको भुइतलामा जिल्ला सिन्धुली ,कमलामाई न.पा.८ का सागर भन्ने सुवास वराइली बस्ने कोठा खानतलासी गर्दा AUTO PESTAL 9MM लेखेको ९ इन्च लम्वाइको पेस्तोल थान १, काठको बीड भएको हतौडा २ वटा,फलामको सनासो ३ वटा, ९ इन्च लामो जनावरको जस्तो सिंह एक वटा, दुवै साइडको भाग काटिएको ३ इन्च लम्वाईको जनावरको जस्तो सिंह एक वटा, पित्तलको कमाण्डलु एकवटा,ड्रि मेसिन एकवटा,विभिन्न साइजको शंख तीनवटा,फलामको हत्ता एक वटा,पिलास एकवटा,पेन्चिस एकवटा,लक्ष्मीको मूर्ति एकवटा,बुद्धको सानो मुर्ति एकवटा,कालो ढुङ्गा चार वटा,सेतो ढुङ्गा एक वटाको साथै इलेक्ट्रिक रण्डा,ग्यास वाइरिङ्ग सहितको रेगुलेटर पाइप,फलामको स्प्रिङ्गपाता एक/एक वटा र तामाको गाग्री २ वटा समेत वरामद गरी सो कोठाबाट सागर भन्ने सुवास वराइलीलाई पक्राउ गरिएको हुदा निज उपर हातहतियार खरखजना मुद्दामा कारवाही गरी पाउ भन्ने समेत व्यहोराको मिति २०६८/११/०२ गतेको **खानतलासी तथा वरामदी मुचुल्का सहितको प्रहरी प्रतिवेदन ।**

२. मैले उक्त म्याग्जीन नभएको पेस्तोल खोडे भोटे भन्ने वावु लामासँगबाट रु ४००।- मा किनेको हो । म्याग्जीन नभएको कारण मैले सो पेस्तोल कोठामा नै राख्दै आएको अवस्थामा मिति २०६८।११।२ गते प्रहरीले मेरो कोठाबाट उक्त पेस्तोल वरामद गरेको हो । अन्य सामान मध्य केही मेरो माइला दाइको हो,केही चोरी गरी ल्याएको हो भन्ने समेत व्यहोराको **प्रतिवादी सागर भन्ने सुवास वराइलीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।**

३. का.जि.,जोरपाटी गा.वि.स.वडा नं.४ नारायणटार स्थित श्रेष्ठ थरको घरको भुइतलामा जिल्ला सिन्धुली ,कमलामाई न.पा.८ का सागर भन्ने सुवास वराइली बस्ने कोठा खानतलासी गर्दा AUTO PESTAL 9MM लेखेको ९ इन्च लम्वाइको पेस्तोल थान १, काठको बीड भएको हतौडा २ वटा,फलामको सनासो ३ वटा, ९ इन्च लामो जनावरको जस्तो सिंह एक वटा, दुवै साइडको भाग काटिएको ३ इन्च लम्वाईको जनावरको जस्तो सिंह एक वटा, पित्तलको कमाण्डलु एकवटा,ड्रि मेसिन एकवटा,विभिन्न साइजको शंख तीनवटा,फलामको हत्ता एक वटा,पिलास एकवटा,पेन्चिस एकवटा,लक्ष्मीको मूर्ति एकवटा,बुद्धको सानो मुर्ति एकवटा,कालो ढुङ्गा चार वटा,सेतो ढुङ्गा एक वटाको साथै इलेक्ट्रिक रण्डा,ग्यास वाइरिङ्ग सहितको रेगुलेटर पाइप,फलामको स्प्रिङ्गपाता एक/एक वटा र तामाको गाग्री २ वटा समेत सो कोठाबाट वरामद गरी लगेको हो । यसरी अवैध रुपमा पेस्तोल समेतका हतियार राख्ने, प्रयोग गर्ने कार्य गर्ने निज सागर भन्ने सुवास रसाइली उपर कानून बमोजिम कडा कारवाही होस् भन्ने व्यहोराको बुझिएका मानिस रामलाल वि.क,मनोज खड्का र नवराज खतिवडा समेतले गरेको करिव एकै मिलानको कागज ।

४. संकलित कागज प्रमाणहरुबाट प्रतिवादी सागर भन्ने सुवास वराइलीको कोठाबाट AUTO PESTAL 9MM लेखेको ९ इन्च लम्वाइको पेस्तोल थान १ सहित पक्राउ गरेको र उक्त पेस्तोल हाल फरार रहेका खोडे भोटे भन्ने वावु लामाबाट खरिद गरी ल्याई विना इजाजत आफ्नै साथमा राख्दै आएको खुल्न आई सागर भन्ने सुवास रसाइली र खोडे भोटे भन्ने वावु लामाले हातहतियार तथा खरखजाना ऐन,२०१९ को दफा ३को उपदफा (२) र (५)को कसूर गरेको पुष्टी हुन आएकोले निज प्रतिवादी सागर भन्ने सुवास वराइलीलाई सोही ऐनको दफा २० को उपदफा(२) बमोजिम सजाय हुन र म्याग्जीन नभएको पेस्तोल थान एक ऐ.ऐनको दफा १६ बमोजिम जफत हुन र अनुसन्धानको क्रममा खुल्न आएका फरार रहेको खोडे भोटे भन्ने वावु लामालाई एकिन खुली वा पक्राउ परेका अवस्थामा कानून बमोजिम गरिने भन्ने समेत मागदावी लिई **अभियोग-पत्र प्रस्तुत भएको ।**

५. मलाई जोरपाटीबाट सोधपुछ गर्नको लागि भनि प्रहरीले पक्राउ गरी ल्याएको हो । मेरो कोठाबाट एक थान पेस्तोल वरामद भएको हुदा मलाई प्रहरीले पक्राउ गरेको हो । म फोहोर उठाउने काम गर्छु । सोही क्रममा फोहोरमा फ्याकेको अवस्थामा उक्त पेस्तोल भेटेको हुँ मैले भेटेको सामान राख्दा केही हुदैन भनेर राखेको हो भन्ने समेत व्यहोराको प्रतिवादी सागर भन्ने सुवास वराइलीले यस कार्यालयमा गरेको वयान ।

६. प्रतिवादी सागर भन्ने सुवास रसाइलीको डेरा कोठा भित्रबाट पेस्तोल थान १ समेत वरामद भई आएको र प्रतिवादीले अधिकार प्राप्त अधिकारी र यस कार्यालयमा समेत वयान गर्दा फोहोर फ्याल्ने ठाउमा भेटी आफु बस्ने कोठामा लगी राखेको स्वीकार गरेबाट अहिले नै निज प्र.सागर भन्ने सुवास रसाइली कसुरदार होइनन् भन्न मिल्ने नदेखिएकाले पछि बुझ्दै जादा ठहरे बमोजिम हुने गरी हाललाई हातहतियार खरखजना ऐन,२०२७ को दफा २४(क) बमोजिम हाललाई निजलाई थुनामा राखी मुद्दा पूर्पक्ष गर्न कारागारमा पठाउनू भन्ने मिति २०६९।११।३० मा यस कार्यालयबाट भएको थुनछेक आदेश ।

७. यस कार्यालयमा प्रतिवादीले बयान गर्दा अभियोग अस्वीकार गरी वयान गरेको भए पनि वरामदी मुचुल्का,प्रतिवादीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान र हतियार परीक्षण प्रतिवेदन समेतका आधारमा प्रतिवादी अहिले नै कसुरदार होइनन् भन्न सक्ने अवस्था नरहेको र वरामदित हतियार एयर पेस्तोल मात्र भएको देखिएकोले हतियारको प्रकृति समेतलाई विचार गरी पछि मुद्दा फैसला हुदाका वखत ठहरे बमोजिम हुने गरी हाललाई मुलुकी ऐन,अ.वं.११८(५) नं.बमोजिम रु ६०,०००।- नगदै वा जेथा जमानत लिई तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्ने व्यहोराको यस कार्यालयबाट मिति २०६८/०७/३० मा भएको थुनछेक आदेश ।

८. मिति २०६८।११।२ गते विहान प्रतिवादी सागर भन्ने सुवास वराइलीको कोठा खानतलासी गर्दा निजको कोठाबाट म्याग्जीन नभएको अटोमेटिक पेस्तोल थान १ समेत वरामदी मुचुल्कामा उल्लेखित सामान फेला पारी निज प्रतिवादी सागर भन्ने सुवास वराइलीलाई सोही कोठाबाट पक्राउ गरिएको हो । वरामदी मुचुल्का र प्रहरी प्रतिवेदनमा भएको सही मेरो हो । व्यहोरा ठीक साँचो हो भन्ने प्रतिवेदक प्र.ह.तेजबहादुर गुरुङ्गले यस कार्यालयमा गरेको बक-पत्र ।

## <u>यस कार्यालयको ठहर</u>

९. नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा **मिसिल संलग्न कागजातहरु अध्ययन गरि प्रतिवादीको जिकिर समेत सुनि निर्णय तर्फ विचार गर्दा प्रतिवादी सागर भन्ने सुवास वराइलीले हातहतियार खरखजाना ऐन,२०१९** को दफा ३ को उपदफा (२) र (५)को **बमोजिमको कसुर अपराध गरेको हो होइन् निर्णय गर्नु पर्ने देखिन आयो ।**

१० . अव मिसिल संलग्न कागजात अध्ययन गरी निर्णय तर्फ विचार गर्दा मिति २०६८/११/०२ गते यी प्रतिवादी बस्ने गरेको जोरपाटी गा.वि.स.वडा नं.४ स्थित डेरा कोठाबाट म्याग्जीन नभएको AUTO PESTAL 9MM लेखिएको पेस्तोल थान १ समेत वरामद भएको खानतलासी/वरामदी मुचुल्का र सो मुचुल्काको रोहवरमा यी प्रतिवादी बसी सहीछाप गरेको देखिन्छ । अनुसन्धानको क्रममा यी प्रतिवादीले वावु लामा भन्ने व्यक्तिले आफुसँग पेस्तोल भएको र खरिदका लागि प्रस्ताव राखेकोले रु ४००।-मा खरिद गरेको,म्याग्जीनका लागि रु १०००।- मागेको तर पैशा नभएकोले लिनजान नसकेको,कहिलकाही मानिसहरुको धनमाल लुट्न,तर्साउन काम लाग्ने भएकोले कोठामा राखेको भनि खुलाएका रहेछन् । यस कार्यालय समक्षको वयानमा आफ्नो कोठाबाट प्रहरीले पेस्तोल वरामद गरेको,उक्त पेस्तोल फोहोर फाल्ने ठाउमा फेला पारेको भनी कसूरमा सावित रहेको र आफ्नो साक्षी प्रमाण केही नराखेको देखिन्छ । अनुसन्धानको क्रममा बुझिएका मानिसहरु र यस कार्यालयमा बुझिएका प्रहरी प्रतिवेदक/वरामदी मुचुल्का गर्ने प्रहरी हवल्दार तेजबहादुर गुरुङ्गले समेत प्रतिवादीको डेराकोठाबाट पेस्तोल थान १ वरामद भएको भनी खुलाएको लगायतका मिसिल संलग्न प्रमाण कागजातका आधारमा यी प्रतिवादी सागर भन्ने सुवास वराइलीले हातहतियार खरखजना ऐन,२०१९ को दफा ३(२) र (५) विपरित अवैध रुपमा विना इजाजत हातहतियार साथमा बोकी हिड्ने र कोठामा राख्ने कसूर गरेको ठहर्छ। कसूर वारदातको प्रकृति,कसूरदारको उमेर,आर्थिक अवस्था आदिलाई ध्यानमा राखी सजाय तर्फ विचार गर्दा निजलाई ऐ दफा २०(२) बमोजिम ३(तीन)वर्ष कैद हुन्छ । वरामद भई अभियोग पत्रसाथ पेश हुन आएको Auto Pistol थान-१ सोही ऐनको दफा १६ बमोजिम जफत गर्नु । अरुमा कानून बमोजिम **गर्ने गरि प्रस्तुत मुद्दा मुलुकी ऐन अ.बं. १८६ नं. बमोजिम फैसला गरि दिएको छ ।**

## <u>तपसिल</u>

माथि ईन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी सागर भन्ने सुवास वराइलीलाई ३(तीन) वर्ष कैद हुने ठहरी फैसला भएकोमा निज अनुसन्धानको क्रममा प्रहरी हिरासतमा परेको मिति २०६८/११/०२ देखी थुनामा बसेको देखिंदा कानून बमोजिम सोही मितिबाट गणना हुने गरी कैदी पूर्जि दिनु ......................१

प्रतिवादीलाई प्रस्तुत फैसलामा चित्त नबुझे फैसला सुनि पाएको मितिले ७० (सत्तरी) दिनभित्र श्री पुनरावेदन अदालत पाटन, ललितपुरमा पुनरावेदन गर्न जानू भन्ने पुनरावेदन म्याद सुनाउनू/दिनू र जि.स.व.का. काठमाडौंलाई प्रस्तुत फैसलाको फोटोकपि समेत साथै राखी मुद्दा फैसला भएको जानकारी लेखी पठाउनू .................................... .... ...................................................................... २

वरामद हातहतियार खरखजाना जफत हुने ठहरेकोले नियमानुसार आम्दानी बाँधी यस कार्यालयमा जानकारी दिन सम्बन्धित प्रहरी कार्यालयमा लेखि पठाउनु..........................................................................३

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू ...४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत पाटनमा पठाइदिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू ..........................................................................५

श्रीमान् प्र.जि.अ.ज्यूले टिपाउनु भएबमोजिम लेख्ने

ना.सु.परशुराम थापा

..................................

(बसन्त राज गौतम)

इति सम्बत् २०७१ साल भाद्र ९ गते रोज २ शुभम् ............................................ प्रमुख जिल्ला अधिकारी